# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असोज ८ गते २०३१ साल [अतिरिक्ताङ्क २७ (क)

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा २,३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. देहायका सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः–

   १. श्री सर्वज्ञराज पण्डितज्यू, माननीय न्यायाधीश–सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत।

   २. श्री ५ को सरकारबाट मनोनीत रा. प. द्वितीय श्रेणीको अधिकृत।

   ३. श्री इन्द्रकुमार श्रेष्ठ, भूमिसुधार अधिकारी– काभ्रेपलान्चोक।

   माननीय न्यायाधीश श्री सर्वज्ञराज पण्डितज्यूलाई यस विशेष अदालतको अध्यक्ष तोकिएको छ।

२. कोशी मुआव्जासम्बन्धी हक बेहकका उजूरीहरू लिई तथा कोशी मुआव्जा सम्बन्धमा सगरमाथा अञ्चलाधीश कार्यालयमा परेका उजूरीहरू र सम्बन्धित क्षेत्रीय अदालत तथा अन्य अदालतहरूमा दायर रहेका मुद्दाहरू उक्त कार्यालय एवं अदालतहरूबाट झिकी, कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ।

३. यस विशेष अदालतले आवश्यकतानुसार कोशी वा सगरमाथा अञ्चलभित्र जहाँसुकै आफ्नो इजलास कायम गर्न सक्नेछ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

३६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

362

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।